घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२६३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

प.सं.: २०८०/०८१(प्रशासन)
च.नं.: ८१२५०

मितिः २०८०/०६/१७

घोराही उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री महाशाखा/शाखा/कार्यक्रम/वडा कार्यालयहरु, सवै
घोराही उपमहानगरपालिका दाङ ।

प्रस्तुत विषयमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई कार्यसम्पादनमा प्रभावकारिता बढाउन घोराही उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋषिराम के.सी.ज्यूको अध्यक्षताा मिति २०८०।०६।१६ मा बसेको कर्मचारी बैठकका निर्णयहरु यसैसाथ संलग्न राखि आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

वासुदेव आचार्य
उपसचिव
बासुदेव आचार्य
उप-सचिव रा.प.द्बितिय

सादर अवगतार्थ
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
घोराही उपमहानगरपालिका दाङ ।

निर्णय नं. १

(क) घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, विभिन्न कार्यक्रममा कार्यरत कर्मचरीहरु प्रेस संयोजक तथा कानूनी सल्लाहकारको दैनिक भ्रमण तथा दैनिक भ्रमणभत्ता भुक्तानीका लागि म.ले.प.फाराम नं. २०२ भुक्तानी कारोवारको सिफारिस सम्बन्धित महाशाखा प्रमुख भए महाशाखा प्रमुखबाट र नभए शाखा प्रमुखबाट अनिवार्य रुपमा गराउने ।

(ख) घोराही उपमहानगरपालिका अन्तरगतका महाशाखा तथा शाखाबाट हुने सबै प्रकारका कार्यक्रम, बैठक तथा योजनाहरुको भुक्तानी गर्दा म.ले.प.फाराम नं. २०२ भरी सम्बन्धित महाशाखा प्रमुख भए महाशाखा प्रमुख र नभए शाखा प्रमुखबाट अनिवार्य रुपमा सिफारिस गराउने र वडाहरुको हकमा सम्बन्धित वडा अध्यक्षबाट सिफारिस गराउने ।

निर्णय नं. २

घोराही उपमहानगरपालिका अन्तरगतका महाशाखा तथा शाखा प्रमुखहरुले तोकिएको ढाँचामा कार्यसम्पादन करार सम्झौता प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई अविलम्ब सामान्य प्रशासन महाशाखामा पेश गर्ने ।

निर्णय नं. ३

आ.व. २०८०।०८१ का लागि स्वीकृत योजना तथा कार्यक्रम कार्यसम्पादन करार सम्झौताको कार्यतालिकाबमोजिम क्रमशः कार्यान्वयन गर्दै जाने ।

बासुदेव आचार्य
उप-सचिव रा.प.द्वितिय

## काज तथा अन्य भुक्तानीका लागि म.ले.प.फाराम नं. २०२ सिफारिस सम्बन्धि विवरण

| सि.नं. | महाशाखा प्रमुखको नाम | सिफारिस गर्ने शाखा/कार्यक्रम |
|---|---|---|
| १ | सामान्य प्रशासन महाशाखा<br>म्हाशाखा प्रमुख – वासुदेव आचार्य | कर्मचारी प्रशासन शाखा, आन्तरिक व्यवस्थापन शाखा, कानूनी मामिला शाखा, सूचना तथा संचार प्रविधि शाखा, सुरक्षित आप्रवासन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, नगरप्रहरी, नगरप्रमुख तथा नगर उपप्रमुखको सचिवालय, प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम, प्रेस सल्लाहकार, कानूनी सल्लाहकार |
| २ | पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखा<br>महाशाखा प्रमुख – युवराज पौडेल | सडक तथा यातायात व्यवस्था शाखा, वस्ती विकास तथा अन्य पूर्वाधार निर्माण शाखा, भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा, भूमि व्यवस्थापन शाखा |
| ३ | सामाजिक विकास महाशाखा<br>महाशाखा प्रमुख – विनोद गौतम | आधारभूत शिक्षा शाखा, माध्यमिक शिक्षा शाखा, युवा तथा खेलकूद शाखा, जनस्वास्थ्य प्रवर्द्धन शाखा, महिला बालबालिका तथा सामाजिक विकास शाखा, सामाजिक सुरक्षा तथा पंजिकरण, व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण आयोजना |
| ४ | योजना वातावरण तथा विपद् व्यवस्थापन महाशाखा<br>महाशाखा प्रमुख – | योजना तथा अनुगमन शाखा, विपद् व्यवस्थापन शाखा, सरसफाई व्यवस्थापन शाखा, वातावरण प्रवर्द्धन शाखा |
| ५ | आर्थिक विकास महाशाखा<br>महाशाखा प्रमुख – | उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा, कृषि तथा पशुपन्छी प्रवर्द्धन शाखा, उपभोक्ता हित संरक्षण शाखा, पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा, सहकारी तथा रोजगार प्रवर्द्धन शाखा |
| ६ | वित्तिय व्यवस्थापन महाशाखा<br>महाशाखा प्रमुख – | आर्थिक प्रशासन शाखा, बजेट तथा राजस्व व्यवस्थापन शाखा, आन्तरिक लेखा परीक्षण शाखा |

बासुदेव आचार्य
उप-सचिव रा.प.द्वितिय